दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २८४ | बुटवल | २०८१ असोज २४, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Oct. 10, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# बुटवलका मासु पसल पूर्ववत् चल्न दिन माग

**वधशाला निर्माणको प्रारम्भिक चरणदेखि सञ्चालनको प्रक्रियासम्म आइपुग्दा सार्वजनिक–निजी–साझेदारीको मर्मअनुसार सबैको पेशागत सुरक्षा र उपभोक्ताको अधिकारलाई सुरक्षित गर्ने गरी निकास खोज्न संघले सुझाएको छ।**


बुटवल उद्योग वाणिज्य संघ, रूपन्देही
(आइ.एस.ओ. ९००१:२०१५ बाट प्रमाणित संस्था)
बुटवल, रूपन्देही
(FNCCI को संस्थापक सदस्य)
BuCCI
च. नं.: ४१२।१५५
२०८१।०६।२३
प्रेस विज्ञप्ती
बुटवल उपमहानगरपालिका द्वारा वधशाला सचालनमा ल्याएसंगै मासु व्यवसायी र वधशाला संचालक बिचको बिबाद र त्यसले आम उपभोक्तामा पारेको असर प्रति बुटवल उद्योग बाणिज्य संघ, रुपन्देहीको गम्भिर ध्यानाकर्षण भएको छ ।
हिन्दुहरुको महान चाड बडा दशैंको सम्मुखमा उपमहानगरपालिका र व्यवसायी बिचको बिबादले छरिएर रहेको परिवारका सदस्यहरु जम्मा भई हर्षउल्लाहासका साथ आफुहरुलाई मनपर्ने परिकार बनाई खाने तथा खुवाउने हाम्रो परम्परालाई समेत आघात हुने देखिएकोछ ।
यसै सन्दर्भमा बधशाला निर्माणको प्रारम्भिक चरण देखि संचालनको प्रक्रियासम्म आइपुग्दा सार्वजनिक निजी साझेदारीको मर्म अनुसार सबैको पेशागत सुरक्षा र उपभोक्ताको स्वच्छ तथा स्वस्थ खाद्य अधिकारलाई सुरक्षित हुने बिश्वसनिय बातावरण कायम गर्न बुटवल उपमहानगरपालिका, मासु व्यवसायी र आम सचेत नागरिक समक्ष आग्रह गर्दछौ । बधशाला स्थापना देखि हालसम्मका सबै बिषयका बारेमा स्वेतपत्र जारी गर्न बुटवल उपमहानगरपालिकालाई अनुरोध गर्दछौ ।
अत: बडा दशैंको सम्मुख तत्कालका लागि मासु व्यवसायीहरुले आफ्नो व्यवसायीक कार्यस्थलमा स्वच्छ तथा स्वस्थ मासु बेचबिखन गर्ने व्यवस्था गर्ने र बुटवल उपमहानगरपालिका तथा सरोकारवाला निकायले आवश्यक सहजिकरण गर्नुहुन हार्दिक अपिल गर्दछौ । साथै कानूनको व्यवहारिक कार्यान्वयन गरी चाडपर्वको समयमा मासुको सहज आपूर्ती हुने बातावरण निमार्ण गर्न समेत अनुरोध गर्दछौ ।
हरिप्रसाद अर्याल
अध्यक्ष
बुटवल-६, चेम्बर मार्ग, सुन्दरनगर, रुपन्देही, नेपाल
फोन नं.: +९७७-७१-५४१३४६, ५४४०८६
इमेल: butwalcci@gmail.com वेबसाइट: www.bcci.org.np
www.facebook.com/butwalchamber @CCI_Butwal
बालश्रम बन्द गरौं ।


जि.प्र.का.रु.द.नं.-१०२३/०६२/०६३
सम्पर्क नं. ९८५७०५४५२५
मासु व्यवसायी संघ नेपाल
Meat Entrepreneur Association Nepal
प्रधान कार्यालय बुटवल, रूपन्देही
Central Office Butwal, Rupandehi
प. सं.:-०८१/०८२
च. नं.:-३८
मिति: २०८१/०६/२३
संयुक्त प्रेस विज्ञप्ति
सहकारीमा आवद्ध भएका बाख्रापालक किसान (उत्पादक), वर्षौदेखि बुटवलमा मासु व्यवसाय गरिरहेका व्यवसायी र सरकारको साझेदारीमा बुटवलमा आधुनिक पशु वधशाला सन्चालन गर्ने अवधारणा अनुसार प्रदेश सरकार र हेफर इन्टरनेसनलको ठूलो हिस्सा र बुटवल उप-महानगरको समेत केही लगानी गरी २३ करोडको लागतमा बधशाला निर्माण र सन्चालन प्रकृया अघि बढेको थियो । सोही अनुसार किसान र व्यवसायीले बुटवल उप-महानगरपालिकासँग दर्जनौ पटक छलफल गरी अहिलेका नगर प्रमुख नेतृत्वमा आएपछि समेत बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि.लाई सन्चालन गर्न दिने निर्णय उप-महानगरबाट समेत भएको थियो । त्यसका लागि हामीले करिब २ करोड रुपैयाँ बैंकमा दुइ वर्षसम्म ग्यारेन्टी समेत राखेका थियौं तर पछि आएर कुन स्वार्थमा पूर्व सहमति रद्द गरी बुटवल बाहिरको निजी कम्पनीलाई दिने गरी टेण्डरको नाममा हजारौं किसान र व्यवसायीमाथि धोका दिने काम नगरपालिकाबाट भयो । त्यस कदमको हामीले शुरुदेखिनै विरोध जनाउदै आएका थियौं । पछिल्लो समय मुक्तिनाथ लाइभस्टक बैंकले ठेक्का पाएको बधशालामा व्यवसायी जान तयार नभएपछि बुटवल उप-महानगरपालिकाले विभेदपूर्ण अवैज्ञानिक अपुरो कानुनको हवाला दिदै व्यवसायीमाथि अनुगमन र जरिवाना आतंक सिर्जना गर्न थाल्यो । यस ज्यादती र अरु कसैले व्यवस्थित बधशाला सन्चालन गर्न नपाउने गरी तयार पारिएको अन्याय पूर्ण र एकाधिकार स्थापित गर्ने खालको ऐन कानुनहरु परिमार्जनको माग सहित यस क्षेत्रका व्यवसायीहरु, उत्पादक किसानहरु,सामाजिक संघ संस्थाहरु र राजनैतिक दलहरुको समेत ऐक्यबद्धता र सहभागितामा बुटवलमा मिति २०८१/०६/२० गते विरोध र्‍याली सहित विरोध कार्यक्रम सम्पन्न गरेको कुरा यहाँहरु सबैलाई सर्वविदितै छ । आम व्यवसायी र किसानहरुले उठाएका जायज मागहरु संबोधन गरी स्थानिय तह र आम व्यवसायीहरुको बिचमा सुमधुर सम्बन्ध कायम गर्नुको सट्टा स्थानिय तह थप निर्मम , निरङ्कुश र अन्धो बन्दै जानु दुखको कुरा हो । यसै सन्दर्भमा मिति २०८१/०६/२२ गते बुटवल ८ सुख्खानगरमा रहेको यस क्षेत्रकै एक प्रतिष्ठित मासु पसलको रुपमा स्थापित सुपादेउराली मासु पसलमा सशस्त्र प्रहरी, जनपथ प्रहरी र नगर प्रहरी समेतको जम्बो टोली ल्याएर गरिएको अभद्र व्यभार र महिलामाथि भएको हातपात र करिब २६.५ के.जी. च्याङ्ग्रा र बोकाको स्वस्थ मासु जबर्जस्ति लुटेर लगेको प्रति हामी गम्भिर आपत्ति र घोर भर्त्सना गर्दछौं । यि र यस्तै प्रकारका गैर जिम्मेवारी कामहरु बुटवल उप- महानगरपालिका बाट हुनु र अनुगमनको नाममा खेद जनक व्यवहार प्रदर्शन गर्नुले कतै मुक्तिनाथको नाममा बुटवल उप-महानगरपालिकाले व्यवसाय सन्चालन गर्न खोजेको त होइन भन्ने गम्भिर आशंका पैदा भएको छ ।
यस प्रकारका गलत क्रियाकलापका विरुद्ध आवाज उठाउन र आम व्यवसायीको पेशा गर्न पाउनु पर्ने नैसर्गिक अधिकार सुनिश्चित गर्न सम्पूर्ण न्यायप्रेमी नागरिक, आम बुद्धिजिवी, पेशागत संघ संस्था, राजनैतिक दलहरु, आम उपभोक्ता र संचार जगतमा हार्दिक अपिल गर्दछौं । मासु व्यवसायमा आवश्यक सुधार र गुणस्तर कायम गर्न कहिँ कतै सम्झौता नगरी उपभोक्ताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न हामी प्रतिबद्ध छौं । तसर्थ अन्याय पूर्ण अपुरो कानुनको आडमा अनुगमनको नाममा यस्ता हर्कतहरु दोहोरिएमा गम्भिर परिणामका निम्ति तयार रहन उप-महानगरपालिकालाई चेतावनी दिन चाहान्छौं ।

| | | |
|---|---|---|
| कृष्ण प्रसाद पौडेल | (अध्यक्ष | बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि.) |
| ऋषिराम काफ्ले | (अध्यक्ष | कुखुरा पालक किसान संघ रुपन्देही) |
| लेखनाथ भण्डारी | (अध्यक्ष | होटल तथा रेस्टुरेन्ट व्यवसायी संघ रुपन्देही) |
| नारायण घर्ती | (अध्यक्ष | मासु व्यवसायी बहुउद्देश्य सहकारी संस्था ) |
| होमा देवी पौडेल | (अध्यक्ष | रुपन्देही सामाजिक उद्यमी इन्भेस्टमेन्ट कम्पनी ) |
| विशाल थापा | (अध्यक्ष | मासु व्यवसायी संघ नेपाल रुपन्देही) |

**लुम्बिनी संवाददाता**

*बुटवल*

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले तत्कालका लागि मासु व्यवसायीलाई आफ्नै पसलमा स्वस्थ्य खसी बोका वध गरी बिक्री वितरणको व्यवस्था मिलाइदिन बुटवल उप-महानगरपालिकालाई अनुरोध गरेको छ।

संघले बुधबार एक विज्ञप्ति जारी गरी वडा दसैंको सम्मुखमा तत्कालका लागि मासु व्यवसायीहरुले आफ्नो व्यवसायिक कार्यस्थलमा स्वच्छ तथा स्वस्थ मासु बेचबिखन गर्ने व्यवस्था गर्ने र बुटवल उप-महानगरपालिका तथा सरोकारवाला निकायले आवश्यक सहजीकरण गर्नको लागि आग्रह गरिएको हो।

संघका अध्यक्ष हरिप्रसाद अर्यालद्वारा जारी विज्ञप्तिमा कानुनको व्यवहारिक कार्यान्वयन गरी चाडपर्वको समयमा मासुको सहज आपूर्ती हुने वातावरण बनाउन समेत अनुरोध गरिएको छ।

वधशाला सञ्चालनमा आएसँगै मासु व्यवसायी र वधशाला सञ्चालकबिचको विवाद र त्यसले आम उपभोक्तामा पारेको असरप्रति संघको गम्भीर ध्यानाकर्षण भएको बताउँदै विज्ञप्तिमा भनिएको छ-‘हिन्दुहरुको महान चाड वडा दसैंको सम्मुखमा उप-महानगरपालिका र व्यवसायीबिचको विवादले छरिएर रहेको परिवारका सदस्यहरु जम्मा भई हर्षउल्लाहासका साथ आफूहरुलाई मनपर्ने परिकार बनाई खाने तथा खुवाउने हाम्रो परम्परालाई समेत आघात हुने देखिएकोछ।’

त्यसैगरी वधशाला निर्माणको प्रारम्भिक चरणदेखि सञ्चालनको प्रक्रियासम्म आइपुग्दा सार्वजनिक निजी साझेदारीको मर्मअनुसार सबैको पेशागत सुरक्षा र उपभोक्ताको स्वच्छ तथा स्वस्थ्य खाद्य अधिकारलाई सुरक्षित हुने विश्वसनीय वातावरण कायम गर्न बुटवल उप-महानगरपालिका, मासु व्यवसायी र आम सचेत नागरिक समक्ष आग्रह गरिएको छ।

साथै वधशाला स्थापनादेखि हालसम्मका सबै विषयका बारेमा स्वेतपत्र जारी गर्न पनि बुटवल उप-महानगरपालिकालाई अनुरोध गरिएको छ। यसैबिच बुटवल मासु उत्पादक तथा प्रशोधन प्रा.लि.का अध्यक्ष कृष्णप्रसाद पौडेल, होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देही अध्यक्ष लेखनाथ भण्डारी, कुखुरा पालक किसान संघ रुपन्देही अध्यक्ष ऋषिराम काफ्ले, मासु व्यवसायी वहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष नारायण घर्ती, रुपन्देही समाजिक उद्यमी इन्भेस्टमेन्ट कम्पनीकी अध्यक्ष होमादेवी पौडेल र मासु व्यवसायी संघ नेपाल रुपन्देही अध्यक्ष विशाल थापाले संयुक्त विज्ञप्ति जारी गर्दै अवैज्ञानिक, अन्यापूर्ण र अपुरो कानुनको आडमा अनुगमनको नाममा धरपकड र जरिवाना आतंक बन्द गर्न माग गर्दै नरोकिए गम्भीर परिणामका निम्ति तयार रहन चेतावनी दिइएको छ।

व्यवसायीमाथि बुटवल उप-महानगरबाट भएको अनुगमन ज्यादतीका विरुद्ध नेकपा एमाले, माओवादी केन्द्र, विप्लव नेतृत्वको नेकपा, रास्वपा, राप्रपा र राष्ट्रिय जनमोर्चाले पनि व्यवसायीका पक्षमा ऐक्यबद्धता जनाएका छन्। रुपन्देहीका प्रमुख जिल्ला अधिकारी तथा एमालेसहित ६ दलले वार्ता र छलफको माध्यमबाट समस्या समाधान गर्न गरेको आग्रहलाई नजर अन्दाज गर्दै बुटवल उप-महानगरले मासु व्यवसायीमाथि निरन्तर अनुगमनको नाममा धरपकड र जरिवानाको ज्यादती जारी राखेको थियो । मंगलबार सुख्खानगरस्थित सुपा देउराली मासु पसलमा सशस्त्र, जनपथ र नगरप्रहरीसहित पुगेको उप-महानगरको अनुगमन टोलीले पसलधनी बिमा थापालाई समातेर दुर्व्यवहार गर्दै करिब २५ केजी च्याङ्ग्रा र खसीको मासु कब्जा गरेर ५० हजार जरिवना काटेपछि व्यवसायीहरु र राजनीतिक दलहरु उप-महानगरको ज्यादतीप्रति रुष्ट बनेका छन् । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अनुगमन गरे पनि तत्काल जरिवानाको कारबाही नगर्न आफूले निर्देशन दिएको स्पष्ट पार्दै सरोकारवालाबिच छलफल गरेर निष्कर्षमा पुग्नुपर्नेमा जोड दिए। उप-महानगर एकलौटी ढंगले अघि बढेमा त्यो प्रत्युत्पादक हुने प्रजिअ अर्यालले सचेत गराएका छन्।

उप-महानगरले किसान र व्यवसायीसँगको पूर्व सहमति तोडेर निजी कम्पनीलाई वधशाला ठेक्का दिएको छ। तर वधशालामा जान व्यवसायीले अस्वीकार गरेपछि जबर्जस्ती जान बाध्य पार्न दिनहुँ जसो अनुगमन र जरिवाना गरेर व्यवसायीलाई पेशाबाटै विस्थापित गर्न खोजेको भन्दै व्यवसायी भद्र अवज्ञा आन्दोलनमा छन्।

बाख्रापालक किसान र मासु व्यवसायीको सहभागितामा सार्वजनिक-निजी-उत्पादक साझेदारी (फोर पी) अवधारणामा वधशाला चलाउने पूर्व सहमति तोडेर बुटवल उप-महानगरले टेण्डरमार्फत् निजी कम्पनीलाई दिएपछि बुटवलमा व्यवसायिक वातावरण खल्बलिएको व्यवसायीहरुको भनाइ छ।

» बाँकी ३ पेजमा

## जीप दुर्घटनामा १५ जना घाइते



गुल्मी। बुटवलबाट गुल्मी शान्तिपुर जाँदै गरेको जीप दुर्घटना हुँदा १५ जना घाइते भएका छन्। बुधबार बुटवलबाट गुल्मी जाँदै गरेको लु १ ज २०८८ नम्बरको जीप सत्यवती गाउँपालिका १, कुडालीमा आफैं अन्यन्त्रीत भई पल्टिँदा दुर्घटना भएको हो।

दुर्घटना परी जीपमा सवार सबै १५ जना घाइते भएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रहरी सहायक निरीक्षक कृष्ण सुनारले जानकारी दिए। घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको छ। ११ जनाको अवस्था मध्यम र ३ जनाको अवस्था सामान्य रहेको सुनारले बताए।

बाग्लुङको बरेङडाँडा गाउँपालिका ३ का ४० वर्षीय खड्कबहादुर क्षेत्रीको अवस्था गम्भीर छ। घाइते सबैलाई थप उपचारका लागि पाल्पा मेडिकल कजेल प्रभासमा रिफर गरिएकोउनले बताए।

## प्रदेश प्रमुखद्वारा दुई विधेयक फिर्ता

बुटवल। लुम्बिनी प्रदेशका प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले दुई वटा विधेयक सन्देशसहित प्रदेशसभामा फिर्ता पठाएका छन्।

प्रदेश निजामती सेवा ऐन २०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेक पुनर्विचार गर्नुपर्ने देखिएको भन्दै फिर्ता पठाएका हुन्।

प्रदेश प्रमुख कार्यालयका सचिव वेदप्रसाद खरेलले विज्ञप्तिमार्फत् दुबै विधेयक फिर्ता पठाइएको जानकारी गराएका छन्। विधेयकले आफूहरुमाथि अन्याय भएको भन्दै स्वास्थ्य सेवाका सातौं तहका कर्मचारीहरु आन्दोलनमा थिए।

## लुम्बिनी केबलकार दसैं टिकाको दिन पनि खुल्ने



बुटवल। बुटवलको लुम्बिनी केबलकार दसैंको टिकाको दिन पनि खुल्ने भएको छ।

हिन्दु नेपालीहरुको प्रमुख चाड बडा दसैंमा केबलकार यात्रा र कामाख्या देवी मन्दिर दर्शन गर्न चाहने भक्तजन र पर्यटकको सुविधालाई मध्यनजर गरी दसैंको टिकाको दिन समेत केबलकार सञ्चालनमा रहने कम्पनीले जनाएको छ।

बडा दसैंको नवरात्रका अवसरमा बसन्तपुरमा सय वर्षदेखि पूजा हुँदै आएको दुर्गा माताको मन्दिरमा समेत भक्तजनको आकर्षण रहेको लुम्बिनी केबलकार लि. ले जनाएको छ।

## कांग्रेस प्रमुख सचेतकमा जमुना

बुटवल। लुम्बिनी प्रदेशसभामा नेपाली कांग्रेसको प्रमुख सचेतकमा जमुना ढकाल नियुक्त भएकी छन्।

यसअघि प्रमुख सचेतक जन्मजय तिमिल्सिनाले दिएको राजीनामा दलका नेता डिल्लीबहादुर चौधरीले स्वीकृति गरी बुधबार ढकाललाई प्रमुख सचेतक नियुक्त गरेका हुन्।

ढकाल रुपन्देहीबाट समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएकी हुन्।

मन्त्रिपरिषद् गठनमा असन्तुष्टी जनाउँदै प्रमुख सचेतक तिमिल्सिनाले गत साउन २१ गते राजीनामा दिएका थिए। सुरुमा सरकारमा कांग्रेसबाट सरकारको नेतृत्व तिमिल्सिनाले गर्ने भनिए पनि अन्तिममा मन्त्री बन्ने सूचीबाट उनको नाम हटाइएको भन्दै उनी असन्तुष्ट थिए।

हार्दिक शुभकामना
विजयादशमी २०८१ को पावन अवसरमा सम्पूर्ण विज्ञापन दाता, पाठकवर्ग, शुभेच्छुक तथा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुको सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना
मोहन चापागाई
अध्यक्ष (एवम्)
लुम्बिनी
सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
उज्यालो बहुउद्देश्यीय सहकारी संस्था लि.परिवार
रेसुङ्गा न.पा., तम्घास, गुल्मी

# सम्पादकीय

## शुभ होस् दसैं

बडादसैं नेपालीहरुको महान चाड हो । राष्ट्रिय चाड दसैं हिन्दु धर्मवलम्बीहरूले आश्विन महिनाको शुक्ल प्रतिपदाका दिनदेखि नवमीसम्म (नवरात्रभर) शक्तिको आराधना गरी दशौं दिन बिहान दशमीका दिन आफूभन्दा ठूला मान्यजनहरुको हातबाट टीका ग्रहण गरेर विशेष रुपमा पूर्णिमासम्म मनाउने गर्छन् । आश्विन शुक्ल प्रतिपदा घटस्थापनामा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येक दिन फरक देवीहरूको पूजा हुन्छ । नौ दिनसम्म नवदुर्गा भवानी नौवटा विभिन्न स्वरूपमा उपासकहरूलाई दर्शन दिनुहुन्छ भन्ने मान्यता हिन्दु धार्मिक समाजमा कथन छ । विजयादशमीको दिन भगवतीले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको उपलक्ष्यमा र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टिका र जमरा लगाउने चलन छ । यसैले विजया दशमीलाई असत्यमाथि सत्यको जितको पर्वको रुपमा लिइन्छ ।

वडा दसैं भनेको हिन्दु नेपालीहरुको एक विशेष चाड हो । रोजगारी, अध्ययन र व्यवसाय गर्न गाउँ छाडेर शहर पसेकाहरु कम्तिमा वर्षको एकपल्ट यो चाडमा गाउँ फर्कन्छन् । परिवारिक र सामाजिक मिलन हुन्छ । एकअर्काबिच भाइचाराको सम्बन्ध बढाएको छ । सामाजिक सद्भाव र सहकार्यको संस्कार बढाएको छ । लामो समय भेटघाट नभएका परिवारका सदस्य र आफन्तको भेटघाटले दसैंले पारिवारिक स्नेह, माया र प्रेमको वातावरण तयार गरेको छ । अरु बेला शहर बसे पनि दसैंमा गाउँमा नै रमाइलो मान्छन्, हरेक व्यक्ति । उनीहरुलाई संस्कार र संस्कृतिप्रति अपनत्वबोध हुन्छ ।

दसैं आर्थिक कारोबार हुने चाड पनि हो । लुगाफाटा, मरमसला, मासुलगायत विभिन्न खानेकुरा र उपभोग्य वस्तुको किनमेल हुने भएकाले गाउँदेखि शहरसम्मका व्यवसायी उत्साहित हुन्छन् । किसानले खसी बोका, कुखुरा, राँगा र बंगुर बेचेर आम्दानी गर्छन् । रोजगारीका लागि विभिन्न मुलुक पुगेका व्यक्तिले रेमिट्यान्स पठाउँछन् । विदेशको गाउँघरमा बस्ने बाआमदेखि परिवारका सदस्यको अनुहारमा खुशी छाउँछ । दसैंले आर्थिक गतिविधिमा समेत चलायमान बनाउने भएकाले यसको आर्थिक सम्बन्ध पनि छ ।

सद्भाव, भाइचारा र मिलनको पर्व दसैं पछिल्ला वर्ष हुने खानेको पर्वको रुपमा स्थापित हुँदै गएको छ । समाजमा तडकभडक बढ्दो छ, समाजमा छाक टार्न सकस परिरहेका निम्न वर्गीय परिवारले चाडबाडमा मिठो मसिनो खाने अवसर पनि बिरलै पाउँछन् । समाज चुलिदो वर्गीय खाडलले दसैं जस्ता पर्व गरिबका लागि 'दशा' भएका छन् । यस्तो खाडल हाम्रो लोकतान्त्रिक प्रणालीका लागि पनि चुनौती हो । सबै नेपालीको घरआँगन र मुहारमा दसैं आएजस्तो उल्लास भयो भने साँच्चिकै समाजमा सामाजिक एकता र सद्भाव बढ्दै जान्छ । सामाजिक एकताको डोरी कसैले तोड्न नसक्ने अवस्था तयार हुन्छ ।

अन्त्यमा, बडा दसैंको अवसरमा सबैलाई शुभकामना । दसैं शुभ होस् ।

# दशैं महिमा : दशैंको टिका, जमरा, दक्षिणा र आशिर्वादको के छ महत्व ?





प्रकाश पाण्डे

बडादशैं आश्विन शुक्ल पक्षमा प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म पनि मानिने विशेष पर्व वा उत्सव हो । दशैंलाई बडा दशैं, दशहरा, विजया दशमी, आयुध-पूजा आदि नामले जानिन्छ ।

यो खासगरी आश्विन शुक्ल सप्तमीका दिनदेखि दशमीका दिनसम्मका फूलपाती, महाअष्टमी, महानवमी र विजयादशमी लगातार चार दिनको महापर्व हो । यो नेपालीहरूको सबैभन्दा ठूलो राष्ट्रिय चाड हो । त्यसमा पनि विजयादशमी मुख्य दिन हो ।

त्रेता युगमा यही दिनमा श्रीरामले सीताको हरण गर्ने रावणको वध गरेको सम्झनामा यस चाडलाई विशेष गरी मनाइन्छ । श्रीरामले दशौं दिनमा रावणमाथि विजय हाँसिल गरेको भएर दशैंलाई वडादशैं एवम् विजयदशमीको नामले पूकारिन्छ । दशैंलाई असत्य माथि सत्यको बिजयको रुपमा हेरिन्छ ।

विजयदशमी भगवान रामको विजयको रुपमा मनाइयोस् अथवा दुर्गा पूजाको रुपमा, दुवै रुपमा यो शक्ति-पूजाको पर्व हो, शस्त्र पूजनको तिथि हो । हर्ष एवं उल्लास तथा विजयको पर्व हो । हिन्दू सँस्कृति वीरताको पूजक अनि शौर्यको उपासक हो । व्यक्ति र समाजको रगतमा वीरता प्रकट होस् भन्ने ध्येयले दशैंको उत्सव-पर्व सुरु भएको हो । महा खुशीको पर्व हो ।

चाडपर्वहरुले एउटा छुट्टै आनन्दको अनुभूति दिलाउँछन् । हर्ष, उल्लासका साथ आउने र मनाउने चाडपर्वले बेग्लै रौनकता ल्याइदिन्छ । भिन्न खुसी र सुख प्रदान गर्दछ । यसले पूरै वातावरणको परिवेशलाई उल्लास र रौनक तर्फ परिवर्तन गरिदिन्छ । त्यसैले त चाडपर्वलाई विशेष महत्वका साथ मनाइने गरिन्छ ।

त्यही भएर हामी हिन्दुहरुको महान् चाडको रुपमा दशैं हर्सोल्लासका साथ मनाउँछौं । बडादसैंको पर्वमा मालसिरी वा मालश्री धुन बजाएर र गीत गाएर रमाइलो पनि गरिन्छ । देश विदेश वा टाढा टाढा भएका आफ्ना साथीभाइ, आफन्तजनसँग भेटघाट हुने वातावरण यसै समयमा सिर्जना हुन्छ । पर्वले यस्तो सुनौलो अवसर जुटाइदिन्छ । त्यसको बेग्लै मज्जा छ । दशैंमा दक्षिणा, टिका, जमरा र पिङको मज्जालाई छुट्टै खास अर्थ र महत्वका रुपमा लिइन्छ ।

वास्तवमा दश दिन मनाइने हुनाले पनि यो हिन्दुहरुको महान पर्वलाई दशैं भनेको हुनुपर्छ । दशैंमा नवदुर्गा (हिन्दु धर्म की शक्तिस्वरुपा देवी दुर्गा) को नौ वटा रूप शैलपुत्री, ब्रह्मचारणी, चन्द्रघन्टा, कुशमन्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिधात्री विशेष पूजा तथा आराधाना गरिन्छ । नवदुर्गा भवानीका यी नव रूपको आश्विन शुक्लपक्ष प्रतिप्रदाकाका दिनदेखि महानवमीका दिनसम्म क्रमशः एक एक दिन गरी नौ दिनसम्म पूजा गर्ने गरिन्छ । दशौं दिन विजयादशमीमा भगवतिले दानवी शक्तिमाथी र रामले रावणमाथी विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप मान्यजनबाट रातो टिका र जमरा लगाएर र आशिर्वाद थापेर मनाइन्छ । टाढा टाढादेखि आउने पाउनाहरूले पूर्णिमासम्मै पनि टीका लगाएर आशिर्वाद लिने दिने गरिन्छ । यहाँ दशैंको प्रमुख चार दिनको चर्चा गरिएको छ ।

**महासप्तमी**

नवरात्रिको सातौं दिन फूलपाती हो । नवरात्रको सप्तमीका दिन बेलपत्र, धानको गाभा, अनार, अदुवाको बोट, कच्चु, उखु, केरा आदि नौ प्रकारका पल्लवहरू घर घरमा भित्र्याइन्छ ।

वर्षा ऋतु सिद्धिएर शरद ऋतुको स्वागतका लागि नयाँ पालुवाहरू घरमा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश -भाइरस, ब्याक्टेरिया) र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय पालुवाको प्रभावले घरमा रहँदैनन् भन्ने धार्मिक तथा साँस्कृतिक मान्यता रहिआएको छ । यस दिन सदर टुँडिखेलमा फूलापाती बढाइँ भएपछि फूलपातीस्वरूप केरा, दारिम, धान, हलेदो, माने, कर्चुर, बेल, अशोक र जयन्ती यी नौ प्रकारका पातहरूलाई पूजी प्रत्येकको नौका दरले दुर्गापूजा गरेको स्थानमा भित्र्याइन्छ । यस दिन विशेष गरेर महासरस्वती तथा पुस्तक, कापी, कलम अनि मसीदानी आदिको पनि पूजा गरिन्छ । किसानहरू यस दिन खेतमा गई चन्दन, अक्षता र फूलले धानको पूजा गरी धानका बाला र बोट घरमा भित्र्याउँछन् । साथै यसै दिन गोरखा दरबारको दशैंघरबाट ल्याइएको फूलपाती राजधानी काठमाडौंको जमलमा ल्याई परेड र बढाइँका साथ हनुमानढोका दरवारमा भित्र्याइन्छ ।

**महाष्टमी**

नवरात्रिको आठौं दिन महाष्टमीमा महाकाली -भद्रकालीको विशेष पूजा-आजा गरिन्छ । देवीभागवत् अनुसार प्राचीन कालमा दक्षप्रजापतिको यज्ञ नाश गर्ने ज्यादै शक्तिशाली भद्रकाली (करोडौं योनी-शक्ति)का साथ अष्टमीका दिन उत्पन्न भएकाले पूजा गर्ने चलन रहिआएको छ। पूजापश्चात् मानिसहरू नवदुर्गा, आ-आफ्ना कुलदेवी, देवता र स्थानीय देवीदेवतालाई पूजी बोका, कुखुरा, हाँस, राँगो आदि बलि दिन्छन् । शाकाहारीहरूले नरिवल, कुभिण्डो, केरा, घिरौंला, आदि फल अर्पण गर्दछन् । महाअष्टमी र महानवमीबिचको रातलाई कालरात्रि मानेर रातभरि गुप्तपूजा गरिन्छ ।

**महानवमी**

नवरात्रिको नवौ दिन महानवमीमा विशेष गरी सिद्धिधात्री देवीको पूजा-आजा गरिन्छ । यसै दिन बिहान कलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई बलि दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ । यस दिन अरू पूजाको अतिरिक्त विशेष गरी दुई वर्षदेखि दस वर्षसम्मका नवकन्याहरूको पनि पूजाआजा गरिन्छ । बलिको अर्थ त्याग, बलि दिनु अर्थात् त्यागिदिनु भन्ने हुन्छ । नवदुर्गाका प्रसादले काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष, छल, कपट, यी दश प्रकारका अवगुणहरू हटून् र सुख, शान्ति, समृद्धि प्राप्त होस् भन्ने भावले सबै दश अवगुणहरुको त्याग गर्दै आएकोमा पछिबाट कामको प्रतीक बोको, क्रोधको प्रतीक राँगो, लोभको प्रतीक भेडो, मद, मात्सर्यको प्रतीक कुखुरो र हाँसलाई मान्दै बलि चढाउँने चलन आएको मानिन्छ ।

**विजया दशमी**

नवरात्रिको दशौं दिनलाई विजयादशमी भनिन्छ।आश्विन महिनाको शुक्लपक्षको श्रवण नक्षत्रले युक्त दशमीलाई विजयादशमी भन्ने बुझ्नुपर्छ। यो दशैंको खास दिन हो ।

यस दिनमा भगवान रामचन्द्रले रावण माथि विजय प्राप्त गरेकाले यसलाई विजयादशमी भनिएको कथन छ । यस दिन घर घरमा सबैभन्दा पाको र जानकार व्यक्तिले सोह्र सामाग्रीले भगवती दुर्गा र अरु देवीहरु तथा देवताको पूजा गरी, नौ दिनसम्म गरेको पूजाको काममा कुनै त्रुटि भयो कि भनी त्यसलाई पूरा गर्न तामाको थालीमा चन्दनले अष्टदल लेखी त्यसका बिचमा माटाका देवीका तीन प्रतिमा वा राता अक्षताका तीन थुप्रा राखी बिचमा अपराजित देवी, दाहिनेतिर जयादेवी, देब्रेतिर विजया देवीको आवाहन र सोह्र सामाग्रीले पूजा गरी यथाशक्ति हवन गरी जमरालाई पूजा गरी अनि भगवती दुर्गा र अन्य देवदेवीहरुलाई चढाइ आरती र पुष्पाञ्जलि गर्ने गरिन्छ ।यति गर्नाले कसैले पनि आफूमाथि दमन (विजय) गर्न सक्दैन भन्ने धार्मिक विश्वास छ ।

त्यसपछि मन्त्र पढ्दै चन्दन, अक्षता, फूल छर्कँदै माफी माग्दै दुर्गा भगवती र अन्य देवीदेवतालाई विसर्जन गरी उठाएर अन्यत्र राखिन्छ ।

त्यसपछि देवीका मूर्तिहरू र नवपत्रिकालाई बाजा, गाजा या वैदिक मन्त्र पढी जलाशयमा लगी सेलाई घडाका जलले अभिषेक गरी देवीलाई चढाएको रातो अनि सेतो वस्त्रको कपडालाई प्रसादको रूपमा घाँटीमा लगाइन्छ । त्यसपछि घरका मुलमान्छेले नव दुर्गा भगवतीको प्रसाद स्वरुप अवीर र दहीमा मुछेको चामलका टीका निधारमा, जमरा टाउकोमा लगाई दक्षिणा दिई आशिर्वाद दिन्छन् । अनि सपरिवार नातेदारकहाँ तथा मान्यवरकहाँ दशैंको लागि तयार पारी राखिएको नयाँ लुगा गहना लगाई टीका लगाउन जान्छन् । जसको लर्को तथा भिड भाड यत्र तत्र बाटोमा या बसमा प्रशस्तै देख्न सकिन्छ ।

यस दिन पिङ खेल्यो या भुइँबाट खुट्टा छोड्यो भने मरेपछि स्वर्ग गइन्छ भन्ने मान्यता समेत रहेको छ ।

दशैंमा टिका थाप्ने, जमरा पहिरिने, आशिष लिने, दक्षिणा लिने कुरा केवल परम्परा मात्र होइन, यसमा हाम्रो जीवनको मूल्य र मान्यताहरु पनि लुकेका छन् । यीनिहरुको विशिष्ट अर्थ र महत्व पनि छ ।

**दशैंको आर्शिवादः**

आशिष अर्थात आर्शिवाद । आफ्नो उन्नती, प्रगति, दीर्घायुका लागि मान्यजनले राख्ने सदिच्छा ।

दशैंमा अक्सर आफूभन्दा ठूला, मान्यजनबाट टिका लगाएर आशिर्वचन दिने गरिन्छ । यसले मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने संकेत गर्छ । मान्यजनले दिने आशिष हाम्रो निम्ति जीवनोपयोगी हुन्छ भन्ने पनि हो । साथै ठूलाबडाहरुले आफूभन्दा सानालाई सही मार्गदर्शन दिनुपर्छ । सही संस्कार दिनुपर्छ भन्ने सन्देश पनि हो यो ।

दशैमा टिका लगाउादा पुरुषलाई दिने आशिष यस्तो छ-

"आयू द्रोणसुते श्रीयो दशरथे शत्रुक्षयं राघवे ।
ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने ।
दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते ।
विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥"

ससर्ती सुन्दा यसको अर्थ केलाउन सकिंदैन । गाह्रो ॥ छ । तर, चार हरफको यो श्लोकले हामीलाई सही ढंगको जीवन बाच्नका लागि उपयुक्त मार्ग देखाइदिन्छ । विभिन्न पौराणिक पात्रको विशेषता उल्लेख गर्दै त्यस्तै कुरा प्राप्त गर्न सदिच्छा यसमा राखिएको छ ।

**यसको अर्थ यसप्रकार छ–**

द्रोणपुत्र अस्वत्थामको जस्तो लामो आयु अर्थात दीर्घायु हुनु । दशरथ राजाको जस्तो धनसम्पति होस् । भगवान रामको जस्तो शत्रु नाश होस् । नहुष राजाको जस्तो ऐश्वर्य होस् । पवनसुत हनुमानको जस्तो गतिशिलता होस् । दुर्योधनको जस्तो मान होस् । सूर्यपुत्र कर्णको जस्तो दानवीरता होस् । हलधर बलरामको जस्तो बल होस् । कुन्ती पुत्र युधिष्ठरको जस्तो सत्यवादिता हुनु । विदुरको जस्तो ज्ञान होस् । भगवान नारायणको जस्तो कीति वा प्रशिद्धि होस् । भन्दै मान्यजनवाट आशिर्वाद लिइन्छ ।

दशैंमा टिका लगाउादा महिलालाई दिने आशिष यस्तो छः-

"जयन्ती मङ्गला काली भद्रकाली कपालिनी
दुर्गा शिवा क्षमा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥"

यसको अर्थ यसप्रकार छ-

जयंती देवीको जस्तै महेश्वरीको रूप र विजयशलिनी होस्। मंगला देवीको जस्तो स्वतन्त्र ,मुक्ति देवीको रूपमा प्रसिद्दि होस् । काली देवी जसले सम्पूर्ण सृष्टिलाई आफूसँग समयमा लिने हुनु । भद्रकालीको जस्तै भद्र, खुशी, मंगल हुनु । कपालिनी देवीको जस्तो दुश्मनहरूका लागि भयानक हुनु । दुर्गाले जस्तै कर्म र उपासनाबाट दुर्गतिको नष्ट गर्नु । क्षमाकी देवीले जस्तै क्षमा दिनु । शिव देवी जस्तै कल्याणकारी र सर्वशक्तिमान हुनु । धातृ देवीले जस्तै सम्पूर्ण जीवको रक्षा गर्नु । स्वाहा देवीले जस्तै हरेक यज्ञ र दानपुण्य गर्नु र स्वधा देवीले जस्तै मानवका हरेक यज्ञ दानपुण्य को संकल्प लिनु ।

**दशैंको टीकाः**

दशैंमा आफूभन्दा ठूला मान्यजन र आफन्तबाट आशीर्वाद लिन निधारमा टिका थापिन्छ। यसरी मान्यजनले आशिष दिँदै लगाइदिने टिकाको पनि निकै अर्थपूर्ण महत्व छ । मानिसको मस्तिष्कमा रहेको विकारलाई हटाई पराक्रमी पुरुषार्थी भावको विकासका लागि टीका लगाउने गरिन्छ । यसले मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने पनि संकेत गर्छ । टिका जसलाई अक्षता पनि भनिन्छ । गाईको दूधको दही, चिनी, जिठोको रातो रंगमा मिश्रण गरिएको चामलको टिका निधारको मध्यभाग आज्ञा चक्रमा लगाइन्छ । यो दुबै आँखीभौंको माझमा हुन्छ । यसलाई तेस्रो नेत्र अर्थात् तेस्रो आँखा भनिन्छ । आज्ञा चक्र स्पष्टता र बुद्धिको केन्द्र हो । यसले मानव र दैवी चेतनाको मध्य सीमा निर्धारण गर्छ ।

यसको अर्थ ठूलाबडा, मान्यजनले हामीलाई धन, बुद्धी, स्वास्थ्य सबैकुराले सर्वसम्पन्न बन्न प्रेरित गर्दै त्यसका निम्ति तेस्रो आँखा खुला राख भनेको हो । टीकालाई चेतनासँग जोडेर पनि हेर्ने गरिन्छ । साथै, रातो र सेतो टिका शान्ति एवं समृद्धिका प्रतीक हुन्, भनिन्छ । यसले मस्तिष्क, मन र विचारलाई शुद्ध चेतनायुक्त तुल्याउँछ भन्ने विश्वास गरिन्छ । आफ्नो घरमा टीका लगाएर आफन्तजनहरुकोमा पनि टीका ग्रहण गर्ने चलन छ । टीका लगाउने काम पूर्णिमासम्म जारी रहन्छ र पूर्णिमादेखि एक पक्षको (पन्ध्र) दशैं चाडको अन्त्य हुन्छ ।

**दशैंको जमराः**

दशैंमा टीका लगाइदिने र जमरा राखिदिने चलन छ । घटस्थापनाको दिन राखेको जौको जमरा टीका थाप्नेको टोपी भित्र,टाउकोमा कपालभित्र वा कानमा आशीर्वाद दिँदै राखिन्छ । जमरा राख्ने यसको आफ्नै खास विधि छ । मन्त्र छ । अँध्यारो स्थान, जहाँ सूर्यको प्रकास आउँदैन, त्यहाँ शुद्ध माटोमा जौ छरेर जमरा उमारिन्छ ।

धर्मशास्त्रहरुले यसलाई समृद्धिको प्रतीक मानिएका छन् । संस्कृतमा यव भनिने जौको जमरा खासमा भन्ने हो भने पौष्टिक खाद्यपदार्थ हो । जौलाई स्वास्थ्यका दृष्टिले पनि औषधी मानिन्छ । यसमा कार्बोहाइड्रेड, प्रोटिन र भिटामिनहरु पाइन्छ । जमरा वा यसको रस निकै स्वास्थ्यबर्द्धक मानिन्छ ।

वैदिक ग्रन्थहरुमा जौलाई रोग हटाउने यज्ञ-यज्ञादिमा उपयोगी, बल र प्राणलाई पुष्ट पार्ने अन्नका रुपमा लिइएको छ । पौराणिक ग्रन्थहरुमा पनि यवोसि धान्यश भनेर जौलाई अन्नको राजा मानिएको छ । गीतामा भगवान श्रीकृष्णले पनि औषधिनामहं यवः अर्थात औषधीहरुमा म जौं हुँ भन्नुभएकाले पनि यसको महत्त्व पुष्टि हुन्छ ।

चिकित्सकहरुका अनुसार सात वा नौ दिनको जमरा पिँधेर झोल बनाई नित्य सेवन गर्ने हो भने उच्च रक्तचाप, अर्वुद (क्यान्सर) एवं मधुमेहजस्ता रोगमा फाइदा मिल्छ । जमराको रसको सेवनले सौन्दर्यता समेत निखार ल्याउँछ । यसैगरी बिरामी भएर कमजोर भएका व्यक्तिहरुलाई जौबाट निर्मित खाद्यपदार्थ खुवाउनाले शरीरमा चाँडै शक्तिसञ्चार हुने कुरा विभिन्न अनुसन्धानले प्रमाणित गरिसकेका छन् ।

हाम्रा गाउँघरमा अझैं पनि दसैंको जमरालाई सुकाएर राखी विभिन्न रोग लाग्दा पानीमा उमालेर पिउने चलन छ । अमेरिकी वैज्ञानिकहरुले गरेको अनुसन्धानअनुसार अंकुरित जौ सम्पुर्ण आहार र औषधीमध्ये सर्वोत्कृष्ट खाद्यपदार्थ हो। भारतीय चिकित्सकहरुले पनि जमराको प्रयोगबाट पेट, आन्द्रा, हाड एवं अन्य रोगहरुको सफल उपचार गरिसकेका छन् । प्रशस्त औषधीय गुण पाइने हुनाले पनि अंकुरित जौलाई सांकेतिक रुपमा विजयादशमीको प्रसादका रुपमा ग्रहण गरिन्छ ।

**दशैंको दक्षिणाः**

दशैंमा टीका थाप्न आएका छोरीचेली, ज्वाइँ, आफन्त आदिलाई दिइने धन; वा द्रब्य नै दक्षिणा हो । विजयादशमीको दिन आ- आफ्नो गच्छे अनुसार मान्यजनबाट टीका लगाइसकेपछी दक्षिणा दिने गरिन्छ ।

सुख, शान्ति, शक्ति र समृद्धिको कामना गर्दै दिइएको दक्षिणालाई घरमा राख्नु भनेको लक्ष्मीलाई भित्राउनु हो भन्ने आम विश्वास छ । र त्यस्तो दक्षिणा खर्च नगरी राख्ने गरेको पनि पाइन्छ । वास्तवमा वैदिककाल साधना, सिद्धि, सामर्थ्य, शक्ति र सौर्यताको संगम को काल थियो । त्यहिबाट दशैंको शुरुवात भयो । बडादशैं सनातन परम्परा, संस्कार -संस्कृति, धर्म, आस्था र विश्वाससँग जोडिएको विषयमात्र नभएर अव यसको वैज्ञानिक महत्वको विषय पनि रहेको पुष्टि भएको छ । यो समाजविज्ञान, मनोविज्ञान र व्यवहार विज्ञानसँग निकट रहेको छ ।

यो पर्व आडम्बरी, खोक्रो, मूल्यहिन हुँदै होइन् । कतिपय यसको खैरो खन्न पनि लागेको पाइन्छ । तर कुरो त्यस्तो होइन । यो धार्मिक, सामाजिक सांस्कृतिक र वैज्ञानिक महत्व र मूल्यको पर्व हो । तर पर्व मनाउँदा त्यसको वास्तविक मूल्य बुझेर, यथार्थ विधि पद्धतिअनुसार निष्ठावान तरिकाले मनाउनुपर्छ भन्ने कुरा पक्का हेका होस् । किनकी साधना नगरी फल त्यसै पाइन्न । यसतर्फ सबैको ध्यान जाओस् । साथै पर्व मनाउँदा घाँटी हेरी हाड निल्यौं भन्ने हाम्रो महत्त्वपूर्ण नेपाली उखानलाई अनुशरण गरौं । खरिबोटबाट

# ४.८५ अङ्कले बढ्यो बजार, पौने चार अर्बको कारोबार



काठमाडौं । बुधबार सेयर बजार सामान्य अङ्कले बढेको छ । दसैं अघिको अन्तिम कारोबार दिन बजार परिसूचक ४.८५ अङ्कले बढेर २ हजार ६ सय ६८ दशमलव १७ को विन्दुमा पुगेको हो । बजारमा ३ अर्ब ७६ करोड रुपैयाँ बराबरको ८३ लाख १२ हजार कित्ता शेयर खरिदबिक्री भएको छ ।

बजारमा कारोबार भएकामध्ये १ सय ३० कम्पनीको सेयरमूल्य बढेको छ । १०२ कम्पनीको सेयरमूल्य घट्दा ११ कम्पनीको मूल्य स्थिर रहेको छ ।

बजारमा १३ वटा उपसूचकमध्ये विकास बैंक, इन्भेस्टमेन्ट, लाइफ इन्स्योरेन्स र ट्रेडिङ उपसूचकमा गिरावट आएको छ भने बाँकी ९ वटा उपसमूहमा सुधार देखिएको छ । उत्पादन र प्रशोधनमूलक उपसूचकमा सर्वाधिक १.०५ प्रतिशतको वृद्धि देखिएको छ । घटबढ भएका सबै सूचकहरूमा एक प्रतिशतभन्दा कमको उतारचढाव छ ।

बजारमा पनि मध्य सोलु हाइड्रोपावरको सेयरमा सकारात्मक सर्किट लागेको छ । मंगलबार पनि यसमा सकारात्मक सर्किट लागेको थियो । अपर स्याङ्जे र राप्ती हाइड्रोपावरको मूल्य पनि ९ प्रतिशतभन्दा धेरैले बढेका छन् । थ्रिस्टार हाइड्रोको सेयरमा भने नकारात्मक सर्किट लागेको छ ।

बजारमा नेपाल फाइनान्स लिमिटेडको सर्वाधिक शेयर कारोबार भयो । कारोबार संख्या र कारोबार भएको शेयर संख्याका आधारमा सानिमा बैंक अगाडि रह्यो ।

अब सेयर बजार मंगलबार मात्रै खुल्नेछ । दसैंका लागि दिइएको सार्वजनिक बिदाका कारण शेयर बजार पाँच दिन बन्द हुने भएको हो ।

# दसैँ अवधिमा यस्तो छ मौसम

काठमाडौँ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले बुधबार यसपालिको दसैँ विशेष मौसम बुलेटिन सार्वजनिक गरेको छ । बुलेटिनमा कोशी, मधेस र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रहने जनाएको छ ।

उक्त बुलेटिनअनुसार यस वर्ष दसैँको सप्तमी (२४ गते), अष्टमी/नवमी (२५ गते) र दशमी (२६ गते) का दिनमा कोशी प्रदेश र मधेस प्रदेशलगायत बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रहने जनाइएको छ ।

विभागले कोशी र मधेस प्रदेशका थोरै स्थानहरूमा बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहने अनुमान गरेको छ ।

बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने विभागले जनाएको छ । उक्त दिनहरुमा अधिकांश स्थानमा अधिकतम तथा न्यूनतम तापक्रम सरदरभन्दा थोरै घट्ने सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले जानकारी दिए । उनले ठूलो पानी पर्ने सम्भावना भने नरहेको बताए ।

मौसम पूर्वानुमान महाशाखाबाट जारी गरिने तीनदिने मौसम पूर्वानुमानमा यससम्बन्धी जानकारी अद्यावधिक गरिने भएकाले महाशाखाको 'वेबसाइट' हेर्न अनुरोध गरिएको छ ।

यस वर्षको मनसुन मङ्गलबारदेखि नै काठमाडौँ उपत्यकासहित कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका सम्पूर्ण भू-भागबाट बाहिरिसकेको छ । महाशाखाका अनुसार बागमती प्रदेशको पश्चिमी भू-भाग र मधेस प्रदेशका पश्चिमी भू-भागका थोरै स्थानहरूबाट पनि मनसुन बहिर्गमन भएको छ । हाल कोशी प्रदेशलगायत मधेस र बागमती प्रदेशको पूर्वी भू-भागमा मनसुनी वायुको प्रभाव बाँकी छ ।

नेपालमा यही असोज २० गतेदेखि मनसुन बहिर्गमन सुरु भएको थियो । यस वर्षको मनसुन गत जेठ २८ गते भित्रिएको थियो ।

बुटवल...

एउटा कम्पनीले मात्रै व्यवसाय गर्न पाउने गरी बनेको कानुन अवैज्ञानिक, अपूर्ण र विभेदकारी भएकाले त्यसलाई सच्याउनुपर्ने व्यवसायी र राजनीतिक दलहरुको भनाइ छ ।

नेकपा एमाले बुटवल उप-महानगर कमिटी अध्यक्ष किसन ज्ञवालीले सर्वपक्षीय छलफल नगरी व्यवसायीमाथि अनुगमन आतंक मच्चाइए नेकपा एमालेले उप-महानगरको प्रतिकार गर्ने चेतावनी दिए । 'मेयर उप-मेयर र प्रमुख प्रशासकीय अधिकृतलाई पार्टीको तर्फबाट मैले स्पष्टरुपमा भनेको छु कि छलफलबाट निश्कर्ष ननिस्कंदासम्म मासु पसलमा अनुचित धरपकड र कारबाही भए व्यवसायीभन्दा अगाडि उभिएर एमालेले प्रतिकार गर्छ,' ज्ञवालीले भने-'उपमहानरगको भन्दा कैयौं गुणा बढी लगानी प्रदेश सरकार र हेफर इन्टरनेसनलको भएको परियोजनामा हजारौं किसान महिला दिदी बहिनी र रैथाने मासु व्यवसायीसँग भएको सहमति तोडेर उप-महानगरले निजी कम्पनीलाई एकलौटी व्यापार गर्न दिने नियत एमालेले सफल हुन दिँदैन ।'





नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रन बहादुर थापा
व्यवस्थापक

गिरी पुन
अध्यक्ष (तथा)

जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.परिवार
रुपन्देही




नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही, कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एन.बि. इन्जिनियरिङ एण्ड कन्ट्रक्सन प्रा.लि. परिवार
बुटवल,रुपन्देही


# हार्दिक आभार एवम् कृतज्ञता

जन्मः वि.स. २०११ असोज १५ गते



स्वर्गारोहणः २०८१ असोज १२ गते

## स्व. कर्णबहादुर कार्की

हाम्रा पूजनीय श्रीमान तथा बुबा **स्व. कर्णबहादुर कार्कीको** यही मिति २०८१/०६/१२ गते ७० वर्षको उमेरमा असामयिक निधन भएकोले हामी सम्पूर्ण परिवार शोकाकूल एवम् मर्माहित भएका छौं । यस शोकको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै हामीप्रति समवेदना तथा सहानुभूति राख्नुहुने आफन्तजन, इष्टमित्र, बन्धुबान्धव लगायत सम्पूर्णमा हार्दिक आभार एवम् कृतज्ञता व्यक्त गर्दछौं ।

**श्रीमती**
भगवती कार्की

**भतिज/बुहारीहरू**
नारायण कार्की/भवानी कार्की
केशव कार्की (भतिज)
बाबुराम कार्की/शकिला कार्की
कल्पना कार्की (बुहारी)
बिमल कार्की/सुधा कार्की

**छोरा/बुहारी**
सरोज कार्की/रेनु कार्की

**छोरी/ज्वाईहरू**
निरु कार्की अर्याल
टेक बहादुर अर्याल
बन्दना कार्की भट्टराई
किरण भट्टराई

**दिदी/भिनाजुहरू**
भोजबहादुर कार्की (भिनाजु)
भगवती पछाई/कृष्णबहादुर पछाई
सरस्वती जि.सी./लक्ष्मण जि.सी

**भाउजु**
मुनादेवी कार्की

**साला/बुहारीहरू**
अम्बु ए.सी. (बुहारी)
विष्णुबहादुर ए.सी./अनिता ए.सी.
गोपाल ए.सी./ सरु ए.सी.
दिपक ए.सी./विन्दु ए.सी.

**एवम् समस्त कार्की परिवार**


## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# सुखखानगरमा खुल्यो खस्यौली स्केटजोन



बुटवल । बालबालिका र किशोर-किशोरीलाई खेलमार्फत् मनोरञ्जन दिलाउने उद्देश्यले बुटवल-८ सुखखानगरमा खस्यौली स्केट जोन सञ्चालनमा आएको छ । युवा व्यवसायीहरु नारायण खरेल र रामप्रसाद भुसालको संयुक्त लगानीमा २८ सय स्क्वायरफुट क्षेत्रफलको स्केट जोन सञ्चालनमा आएको हो । जहाँ एक पटकमा ५० जना खेल्न सक्छन् । स्केट जोनको वडाध्यक्ष यज्ञ पंगेनी, नागरिक अधिकारकर्मी गोबिन्द खनाल, युवा नेता राजु गुरुङले बुधबार संयुक्तरुपमा उद्घाटन गरेका छन् । स्केट जोनमा प्रतिघण्टा एक सय ५० रुपैयाँ शुल्क तोकिएको सञ्चालक नारायण खरेलले बताए ।





नेपालीहरूको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही , कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिनेश फुल्लेल
अध्यक्ष (तथा)
यातायात मजदुर तथा व्यवसायी भलाइकोष परिवार
बुटवल,रुपन्देही




नेपालीहरूको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा देश तथा विदेशमा बसोबास गर्नुहुने सम्पूर्ण आमा-बुबा, दाजु-भाई तथा दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो कविराम खनाल
खनाल बदर्श तथा कन्ट्रक्शन
सन्धिखर्क अर्घाखाँची

प्रो बसन्त भुसाल
अम्मर निर्माण सेवा
सन्धिखर्क-१ अर्घाखाँची

प्रो काशी बस्याल
सागर निर्माण सेवा
सन्धिखर्क-१२, अर्घाखाँची

प्रो ऋषिराम/प्रदिप अधिकारी
पिटिआर अधिकारी कन्ट्रक्शन प्रा.लि.
सन्धिखर्क-१, अर्घाखाँची

प्रो प्रेम पौडेल
पौडेल कन्ट्रक्शन
सन्धिखर्क-१, अर्घाखाँची

प्रो रामसिह/अर्जुन खनाल
नयाँ नेपाल निर्माण सेवा
मालारानी-४, अर्घाखाँची

प्रो नारायण पौडेल
लुम्बिनी निर्माण सेवा
सन्धिखर्क-८, अर्घाखाँची

प्रो कृष्ण घर्ति मगर
धर्मराज निर्माण सेवा
सन्धिखर्क -१२, अर्घाखाँची

प्रो नारायण/ई मनोज बन्जाडे
पुष्पा बिल्डर्श एण्ड निर्माण प्रा लि
सन्धिखर्क अर्घाखाँची

प्रो युवराज बन्जाडे
प्रतिक्षा निर्माण सेवा
सन्धिखर्क-१, अर्घाखाँची

प्रो भोजराज भुसाल
सम्झना निर्माण सेवा
सन्धिखर्क-१, अर्घाखाँची

प्रो बिष्णु आचार्य
विशाल निर्माण सेवा
सन्धिखर्क-७, अर्घाखाँची

प्रो होम ब के.सी.
कुस्मा निर्माण सेवा
गडवा-१, दाङ

प्रो प्रेम थापा
केपि जि गुप कन्ट्रक्शन प्रा लि
भूमिकास्थान-८, अर्घाखाँची

गर्लामदेवि निर्माण सेवा
सितगंगा-८, अर्घाखाँची

प्रो बलु खनाल
मालारानी निर्माण सेवा
मालारानी-४, अर्घाखाँची

प्रो मणि पौडेल
पौडेल एस एस कन्ट्रक्शन
भुमिकास्थान-८, अर्घाखाँची

प्रो नारायणसिह बेल्बासे
सुवोध कन्ट्रक्शन प्रा लि
सितगंगा-४, अर्घाखाँची

प्रो कृष्ण बस्याल
मुना निर्माण सेवा
सन्धिखर्क-२, अर्घाखाँची

प्रो लेखनाथ भुसाल
अमृत निर्माण सेवा
सन्धिखर्क-२, अर्घाखाँची

प्रो बिक्रम बराल
न्यू विक्रम सुनचाँदी पसल
सन्धिखर्क-२, अर्घाखाँची
आकर्षण डिजाइनका गहगहनाहरु विश्वासिलो एक मात्र सुनचाँदी पसल

प्रो बाबुराम भुसाल
एडभान्स ब्रदर्श
सन्धिखर्क-२, अर्घाखाँची
गिट्टी तथा बालुवा लगायतका घर निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

प्रो विष्णु बहादुर कार्की
अनिल भैसी पालन केन्द्र
मालारानी-५, अर्घाखाँची
हामीकहाँ शुद्ध भैसीको दुध, घ्यु पाउनुका साथै पनिर समेत पाईन्छ ।

प्रो कृष्ण प्रसाद बञ्जाडे
न्यू स्टार फेन्सी स्टोर्स
सन्धिखर्क-१, अर्घाखाँची
लेडिज जेन्सका मौसम अनुसारका आकर्षण कपडा पाईन्छ ।

प्रो राम बहादुर के.सी.
महादेव फार्मेसी
भूमिकास्थान-४, अर्घाखाँची
बिरामीको चेकजाँच नि:शुल्क गरिनुका साथै सुपथ मूल्यमा औषधी समेत पाईन्छ ।

प्रो डा. महेन्द्र प्रताप रायमाझी
निदान डेन्टल केयर
सन्धिखर्क-१, अर्घाखाँची
यहाँ दात सम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

दल बहादुर के.सी. (व्यवस्थापक)
छाया हस्पिटल प्रा.लि.
सन्धिखर्क-१, अर्घाखाँची
दैनिक रुपमा विशेषज्ञ डा.प्रदिप के.सी.द्वारा चेकजाँच गरिनुका साथै ल्याव, एक्सरे, पिसिसिजी, भिडियो एक्सरे, एम्बुलेन्स लगायत सुपथ मूल्यमा औषधी उपलब्ध गराईन्छ ।

प्रो सुर्य बहादुर थापा
विपिन फार्मेसी
सन्धिखर्क-२, अर्घाखाँची
दैनिक रुपमा विशेषज्ञ डा.द्वारा चेकजाँच गरिनुका साथै ल्याव, एक्सरे, पिसिसिजी, भिडियो एक्सरे लगायत सुपथ मूल्यमा औषधी उपलब्ध गराईन्छ ।

प्रो अमृत परियार
अर्घाखाँची हस्पिटल प्रा.लि.
सन्धिखर्क-२, अर्घाखाँची
दैनिक रुपमा विशेषज्ञ डा.द्वारा चेकजाँच गरिनुका साथै ल्याव, एक्सरे, पिसिसिजी, भिडियो एक्सरे लगायत सुपथ मूल्यमा औषधी उपलब्ध गराईन्छ ।

ओम पोलिक्लिनिक प्रा.लि.
सन्धिखर्क-१, अर्घाखाँची
दैनिक रुपमा विशेषज्ञ डा. खगेन्द्र आचार्यद्वारा चेकजाँच गरिनुका साथै ल्याव, एक्सरे, पिसिसिजी, भिडियो एक्सरे लगायत सुपथ मूल्यमा औषधी उपलब्ध गराईन्छ ।

प्रो गोविन्द थारु
गोविन्द कृषि मेशिनरी सप्लायर्स
सन्धिखर्क-१, अर्घाखाँची
हामीकहाँ कृषि सम्बन्धी सम्पूर्ण उपकरण पाउनुका साथै अर्डर अनुसारका सामानहरु सुपथ मूल्यमा उपलब्ध गराईन्छ ।

प्रो पशुपति शर्मा
शर्मा फर्निचर उद्योग
सन्धिखर्क-२, अर्घाखाँची
हामीकहाँ दक्ष मस्त्रीद्वारा तयार परिएका फर्निचर, सजावट तथा घर निर्माणका लागि आवश्यक सम्पूर्ण सामाग्रीहरु उपलब्ध गराईन्छ ।

प्रो तारा बहादुर सुनार
न्यू महालक्ष्मी सुनचाँदी पसल
सन्धिखर्क-१, अर्घाखाँची
आकर्षण डिजाइनका गहगहनाहरु विश्वासिलो एक मात्र सुनचाँदी पसल

प्रो केशव बराईली
सर्वोत्तम सुनचाँदी पसल
सन्धिखर्क-२, अर्घाखाँची
आकर्षण डिजाइनका गहगहनाहरु विश्वासिलो एक मात्र सुनचाँदी पसल

प्रो प्रेम पन्थी सुनार
सविता सम्राट सुनचाँदी उद्योग
सन्धिखर्क-२, अर्घाखाँची
आकर्षण डिजाइनका गहगहनाहरु विश्वासिलो एक मात्र सुनचाँदी पसल

लुहेस्की लि.द्वारा संचालित
अर्घाखाँची पोलिक्लिनिक प्रा.लि.
सन्धिखर्क-१, अर्घाखाँची
दैनिक रुपमा विशेषज्ञ डा.द्वारा चेकजाँच गरिनुका साथै ल्याव, एक्सरे, पिसिसिजी, भिडियो एक्सरे लगायत सुपथ मूल्यमा औषधी उपलब्ध गराईन्छ ।

प्रो रन बहादुर सुनार
मिना विनोद फर्निचर उद्योग
सन्धिखर्क-२, अर्घाखाँची
हामीकहाँ दक्ष मस्त्रीद्वारा तयार परिएका फर्निचर, सजावट तथा घर निर्माणका लागि आवश्यक सम्पूर्ण सामाग्रीहरु उपलब्ध गराईन्छ ।

प्रो चिरन्जिवी पन्थी सुनार
श्रीराम सुनचाँदी पसल
सन्धिखर्क-१, अर्घाखाँची
आकर्षण डिजाइनका गहगहनाहरु विश्वासिलो एक मात्र सुनचाँदी पसल

प्रो राजेन्द्र सुनार
न्यू माताश्री सुनचाँदी पसल
सन्धिखर्क-२, अर्घाखाँची
आकर्षण डिजाइनका गहगहनाहरु विश्वासिलो एक मात्र सुनचाँदी पसल

प्रो दिपक खनाल
लुम्बिनी एग्रो भेट सेन्टर
सन्धिखर्क-२, अर्घाखाँची
विषदी रसायनिक मल, किटनाशक औषधी र दाना चल्लाको लागि हामीलाई सम्झनुहोस् ।

प्रो. हिरा के.सी.
दिक्षा स-मिल
बुटवल-१९, रुपन्देही
हामीकहाँ दक्ष मस्त्रीद्वारा तयार परिएका फर्निचर, सजावट तथा घर निर्माणका लागि आवश्यक सम्पूर्ण सामाग्रीहरु उपलब्ध गराईन्छ ।

फर्स बहादुर के.सी. (अध्यक्ष)
हरि खनाल (सचिव)
कृष्णलाल पुरी (कोषाध्यक्ष)
सुपादेउराली मन्दिर संरक्षण समिति
सुपादेउराली, अर्घाखाँची

प्रो गोविन्द आचार्य
A.G. Garment
सन्धिखर्क अर्घाखाँची
हामीकहाँ दक्ष कटिङ मास्टरद्वारा स्कुल, कम्पनी, होटल, हस्पिटल तथा कुनै पनि संस्थाका युनिफर्म सिलाईनुका साथै अर्डर अनुसार सुपथ मूल्यमा उपलब्ध गराईन्छ ।

प्रो जाजली मियाँ
आजाद काष्ठ तथा खाद्यन्न सप्लायर्स सन्धिखर्क-३ अर्घाखाँची
हामीकहाँ सप्लायर्स सम्बन्धी सम्पर्ण काम गरिन्छ ।

विष्णु प्रसाद खनाल
सामाजसेवी तथा स्वास्थ्य कर्मी प्रमुख
बलकोट प्राथमिक स्वास्थ्य चौकी
छत्रदेव-३ अर्घाखाँची

प्रो मिजाश आचार्य शाखा प्रमुख
नेशनल प्याथ ल्याब तथा रिसर्च सेन्टर प्रा.लि.
सन्धिखर्क, अर्घाखाँची
हामीकहाँ दक्ष चिकित्सक तथा अत्याधुनिक मेसिनद्वारा बिरामीको सुगर, थाइराइड, भिटामीन डी, भिटामीन सी, हेपाटाईटिस बि, हेपाटाईटिस सी, माईरल लोड लगायत रगतको विभिन्न रोगको ल्याब परिक्षण हुने गर्दछ ।



प्रो नारायण बस्याल
समाजसेवी तथा युवा व्यवसायी
घोचु निर्माण सेवा
बुटवल-१३, बेलबास



जगत खड्का
शिक्षा प्रेमी तथा समाजसेवी
भूमिकास्थान-४,
अर्घाखाँची

प्रो प्रदिप मिश्र
मिश्र सप्लायर्स
सन्धिखर्क-१, अर्घाखाँची
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु पाईनुका साथै सुपथ मूल्यमा उपलब्ध गराईन्छ ।

विपिन पन्थी सुनार (व्यवस्थापक)
द वेस्ट एजुकेशन फाउण्डेशन
सन्धिखर्क-१, अर्घाखाँची
नेपालकै उत्कृष्ट प्रशिक्षकद्वारा कोरियन भाषा, जापानीज भाषा, Tuition Class, IELTS, See +2, BBS, B.ED का कक्षाहरु संचालन हुनुका साथै होस्टेलको पनि व्यवस्था छ ।

प्रो प्रकाश भुसाल (व्यवस्थापक)
बि.बि.सि एजुकेशन सेन्टर
सन्धिखर्क-१, मिडिया चोक, अर्घाखाँची
हामीकहाँ कोरियन भाषा, जापानीज भाषा, English भाषा, Bridge Course, See +2, BBS, B.ED का कक्षाहरु दक्ष प्रशिक्षकद्वारा पढाईछ ।

शान्ति माध्यमिक विद्यालय
मालारानी-५, अर्घाखाँची
चन्द्र बहादुर खड्का (उज्जवल) वि.व्य.अध्यक्ष
मान बहादुर पाण्डे प्रधानाध्यापक


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com